# युवा तथा खेलकुद विकास कार्यविधि, २०७८

## ज्वालामूखी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय


साँधभञ्ज्याङ, धादिङ

बागमती प्रदेश, नेपाल

Email :info@jwalamukhimun.gov.np
ito.jwalamukhimun@gmail.com\
jwalamukhiruralmun@gmail.com
Website:jwalamukhimun.gov.np


ज्वालामूखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साँधभञ्ज्याङ, धादिङ बागमती प्रदेश, नेपाल

# युवा तथा खेलकुद विकास कार्यविधि, २०७९

<u>प्रमाणीकरण मिति</u>

२०७९।०७।२७

**प्रस्तावनाः** ज्वालामूखी गाउँ क्षेत्र भित्र रहेका यूवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी यूवाहरुलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा देशको पहिचान गराउन, गर्न वाञ्छनीय भएकोले ज्वालामूखी गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (२) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम विस्तार प्रारम्भ :** यस कार्यविधिको नाम "युवा तथा खेलकुद विकास कार्यविधि २०७९" रहनेछ ।

**२. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।**

३. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "खेलकुद" भन्नाले ज्वालामूखी गाउँपालिका भित्र शारिरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

ख. "खेलाडी" भन्नाले विभिन्न विधाका राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ ।

ग. "खेलकुद समिति" भन्नाले यो कार्यविधि बमोजिम गठित ज्वालामूखी खेलकुद विकास समितिलाई सम्झनु पर्दछ।

घ. "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

ङ. "यूवा" भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समूहका युवालाई सम्झनु पर्दछ ।

च "गाउँपालिका" भन्नाले ज्वालामूखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्नेछ ।

## परिच्छेद-२

**यूवा तथा खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार**

**४. ज्वालामूखी खेलकुद विकास समितिको गठन :** (१) देहाय बमोजिम ज्वालामूखी गाउँ खेलकुद विकास समितिको गठन ९ सदस्य हुनेछः

(क) गाउँपालिको अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य मध्येवाट एक जना —अध्यक्ष

(ख) सबै वडाका वडा स्तरीय युवा तथा खेलकुद समितिका सदस्यहरु मध्येबाट समितिले मनोनित गरेका एक जना महिला सहित दुई जना -सदस्य

(ग) खेलकुदका विभिन्न विधामा स्थापित संघसंस्थामा आबद्ध व्यक्तिहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको दुई जना सदस्य

(घ) युवाहरुको हकहित र सम्बर्धन वा समाज सेवामा विशेष योगदान पुर्याएका युवाहरु मध्येबाट सामाजिक समितिले मनोनित गरेको एक जना -सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(च) माध्यमिक विद्यालयका खेल सम्बन्धी अनुभव भएका शिक्षक मध्ये शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) सम्बन्धित शाखाको प्रमुख -सदस्य सचिव ।

(२) गाउँपिलका प्रहरी प्रमुख अमन्त्रित सदस्य रहनेछन् ।

(३) खेलकुदका विधाहरुबाट चयन हुने समितिका सदस्यहरु सम्बन्धित निकाय, क्लब वा संस्थाबाट सिफारिस गरिएको हुनु पर्दछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

**५. युवा तथा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** (१) युवा तथा खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ज्वालामूखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सांघभञ्ज्याङ, धादिङ बागमती प्रदेश, नेपाल

ग) अन्य गाउँपालिका वा गाउँपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा ज्वालामूखी गाउँक्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ङ) ज्वालामूखी गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानिय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

छ) गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

ज) ज्वालामूखी गाउँलाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ) खेलकुद विकासका तथा युवाहरुको विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा विभन्न कार्यक्रम सञ्चालन गर्ने,

ञ) गाउँपालिकाले तोकेका अन्य कार्य गर्ने,

ट) युवाहरुको लागि स्वरोजगार, उद्यमशिलता, रोजगारको सिर्जना, उत्प्रेरणा तथा व्यात्तित्व विकास लगायतका योजना निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने ।

ठ) ५ देखी ७ जना सदस्य रहने गरी वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्ने,

ड) खेलकुदका कार्यक्रमहरुमा दोहोरोपना आउन नदिनको लागि कार्य गर्ने,

ढ) गाउँ क्षेत्र भित्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुलाई प्रोत्साहन गर्ने,

(ण) खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्ययोजना बनाई पेश गर्ने,

(त) बाल विकास समूह, जेष्ठ नागरिकहरुलाई समेत खेलको माध्यमबाट स्वस्थ तथा तन्दुरुस्त गराउने कार्यहरु गर्ने,

थ) युवाहरुलाइ समाजको धार्मिक सास्कृतिक आर्थिक विकासमा अभिन्न अङगको रुपमा समावेश गर्ने ।

द) खेलकुद तथा युवा सम्बन्धी आवश्यक योजना तर्जुमा र अन्य आवश्यक व्यवस्था गर्ने,

ध) वडा र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

न) युवा उद्यमशिलता युवा स्वरोजगार र युवाहरुको क्षमता विकासको लागि नीति तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र व्यवस्थापन गर्ने ।

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सांघभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(प) युवा विकास, सशक्तिकरण एवम् मूल प्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समिति मार्फत गाउँपालिकालाई सिफारिस गर्ने,

(फ) गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयम् सेवकका रुपमा परिचालन गर्ने गराउने ।

(ब)युवा तथा खेलकुद समितिले आफ्नै छुट्टै कोषको व्यवस्था गरी संचालन गर्न पाउने छ ।

## परिच्छेद — ३

## वडा स्तरीय युवा तथा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

**६. समितिको गठनः** (१) प्रत्येक वडामा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(क) वडा क्षेत्र भित्र खेलकुद तथा सामाजिक कार्यमा क्रियाशील युवाहरु मध्येबाट वडा समितिले छनोट गरेको एक जना संयोजक,

(ख) खेलकुदको विभिन्न विधासँग सम्बन्धित व्यक्तिहरु मध्येबाट वडाध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य,

(ग) युवहरुको हकहित संरक्षण तथा संवर्धन वा समाजसेवामा विशेष योगदान पुर्याएका युवाहरु मध्येबाट वडा समितिले मनोनित गरेका एक जना महिला सहित तीन जना सदस्य,

(घ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव ।

**७. समितिको काम, कर्तव्य र अधिकारः**

(क) युवा तथा खेलकुद लक्षित वडा स्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने।

(ख) वडाभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरु बिच आवश्यक समन्वय तथा सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

(ग) खेलकुदका विभिन्न विधामा वडा स्तरीय टिमको छनोट गर्ने ।

**८. समितिका सदस्यहरुको पदावधिः**

(क) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिँघमञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(ख) पदावधि समाप्त नहुँदै कुनै सदसयको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि यही कार्यविधि अनुरुप पदपूर्ति गरिनेछ ।

(ग) कुनै सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(घ) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सकिनेछ । तर त्यस्तो कारवाही गर्नु पूर्व सफाइको मौका प्रदान गरिनेछ।

**९. सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति समितिको सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(ग) मानसिक सन्तुलन गुमाएको ।

**१०. समितिको बैठक र निर्णयः**

(क) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(ख) समितिको बैठक हुनुभन्दा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यलाई दिनुपर्नेछ ।

(ग) समितिका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा बैठकका लागि गणपूरक संख्या मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(ङ) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

**११. युवा तथा खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिने :** खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा यस समितिको सिफारिसमा गाउँ कार्यपालिका बोर्डले त्यस्तो सदस्यलाई कुनैपनि बेला हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**१२. खेलकुद विकास समितिको कार्यकाल :** खेलकुद समितिको कार्यकाल ३ वर्षको हुनेछ । गाउँ कार्यपालिका बोर्डले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर दफा ४ (१) बमोजिमको समितिमा रहने जनप्रतिनिधिहरुको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधि समाप्त हुनेछ ।

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
बागमती प्रदेश, नेपाल

**१३. प्रतिवेदन पेश गर्ने :**

क) सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले बुलेटिन मार्फत सार्वजनिक गर्नेछ ।

**१४. खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन :**

क) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

ख) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

**१५. युवा तथा खेलकुद विकास संरक्षण समिति :**

क) खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ

| | | |
|---|---|---|
| संरक्षक | - गाउँपालिका अध्यक्ष | १ जना |
| सदस्य | - गाउँपालिका उपाध्यक्ष | १ जना |
| सदस्य | - विषयगत समितिको संयोजक | १ जना |
| सदस्य | - गाउँसभा सदस्यहरु मध्येबाट २ जना मध्ये १ जना महिला | २ जना |
| सदस्य | - प्रहरी चौकी प्रमुख | १ जना |
| सदस्य | - गाउँकार्यपालिकाले तोकेको प्रतिष्ठित खेलकुद क्षेत्रवाट | १ जना |

ख) खेलकुद विकास संरक्षण समितिले खेलकुद विकास समितिलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशनलाई पालना गर्नु खेलकुद विकास समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद ४

## आचारसंहिता

**१६. आचारसंहिता :** खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी र गाउँकार्यपालिका तथा गाउँसभाका सदस्यहरुले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछः

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सांघभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

क. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख. खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन । तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर, कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ । साथै खेलमा सहभागिता समेत गराइने छैन ।

ङ खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर, कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन ।

च. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन । तर, संरक्षण गर्न बाधा पर्ने छैन ।

छ. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

ज. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ. खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ. गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट. यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सुचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**१७. सौजन्यताः** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ । तर गाउँपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सांघभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

## परिच्छेद-५

## दर्ता, नवीकरण र विघटन

१८. दर्ता र स्वीकृतीः

क) गाउँकार्यपालिका भित्र गठित कुनै पनि क्लव वा खेलकुदसँग सम्वन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ। खेलकुदसँग सम्वन्धित दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन।

ख) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूचि १ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूचि २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ।

घ) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

ङ) सुचिकृत भएका संस्थाहरुलाई अनुसुची ४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गनुपर्नेछ ।

च) दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुचि-५ बमोजिमको ढाँचामा हुनुपर्ने ।

छ) गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ ।

ज) प्रत्येक वर्षको असार मसान्त भित्र सवै दर्तावाल वा सूचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

**१९. जरिवाना** : दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा नगपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

**२०. पाँच वर्ष भन्दा** बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

**२१. समयमै नवीकरण** नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

**२२. संस्थाको विघटन** : दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्:

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँघभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग. संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

**२३. विघठित संस्थाको सम्पत्ति** : विगठीत भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

**२४. खारेजी र बचाऊ** : यस अघि प्रचलित खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । यस अघि भएका खेलकुदका गतिविधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सांघभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(दफा १८ को उपदफा (ख) सँग सम्बन्धित)

अनुसूची-१

मितिः.............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

ज्वालामूखी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

साधभञ्ज्याङ, धादिङ ।

**विषयः संस्था दर्ता सम्बन्धमा ।**

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको युवा तथा खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ ।

संस्थाको नामः

संस्थाको कार्यालय रहने स्थानः ज्वालामूखी गाउँपालिका वार्ड नं........

टोलको नामः

| **सचिव** | **अध्यक्ष** |
|---|---|
| नामः | नामः |
| मितिः | मितिः |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः</u>

क. संस्थाको विधानको मस्यौदा,

ख. आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग. संस्थाको छापको नमूना ।

घ. वडा कार्यालयको सिफारिश

ज्वालामूखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साँधभञ्ज्याङ, धादिङ बागमती प्रदेश, नेपाल

(दफा १८ को उपदफा ग सँग सम्बन्धित)

अनुसूची-२

ज्वालामूखी गाउँपालिका कार्यालय

गाउँ कार्यपालिकाको कार्यालय साधभञ्ज्याङ, धादिङ

<u>संस्था दर्ता प्रमाणपत्र</u>

संस्थाको नाम :

ठेगाना :

दर्ता हुदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । ज्वालामूखी गाउँ खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद/ युवा सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

ज्वालामुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(दफा १८ को उपदफा (घ) सँग सम्बन्धित)

## अनुसूची-३

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ज्वालामूखी गाउँपालिका कार्यालय,

साधभञ्ज्याङ, धादिङ ।

**विषयः संस्था सुचिकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

<u>संलग्न कागजातहरु</u>

क. दर्ता प्रमाणपत्र,

ख. संस्थाको विधान,

ग. गत आ.ब.को लेखा परीक्षण प्रतिवेदन,

घ. कर चुक्ता प्रमाणपत्र,

ङ. समितिको निर्णय

च. वडा कार्यालयको सिफारिश

| **सचिव** | **अध्यक्ष** |
|---|---|
| नामः | नामः |
| हस्ताक्षर | हस्ताक्षरः |
| मितिः | मितिः |

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(दफा १८ को उपदफा (ङ) संग सम्बन्धित)

अनुसूची-४

श्री ज्वालामूखी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

साधभञ्ज्याङ, धादिङ ।

<u>संस्था सुचीकृत प्रमाणपत्र</u>

संस्थाको नाम :.....................................................................

ठेगाना :...................................................................................

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । ज्वालामूखी गाउँ युवा तथा खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

..................................................

प्रमुख प्रशासकीय अधिकृत

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

(दफा १३ को उपदफा (च) संग सम्बन्धित)

## अनुसूची-५

मितिः.......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

ज्वालामूखी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

साधभञ्ज्याङ, धादिङ ।

**विषयः संस्था नवीकरण गरी पाउँ**

.........................................................................नामक संस्था यस गाउँपालिकामा दर्ता सुचिकृत भई युवा तथा खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु/छौं ।

अतः आर्थिक वर्ष.................................................................... को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क. आर्थिक वर्ष ....................को लेखापरीक्षण प्रतिवेदन,

ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट ।

ग. वडा कार्यालयको सिफारिश ।

................................

निवेदक

संस्था नविकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहि छाप | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |